"कृषि, पर्यटन, पूर्वाधार र रोजगारी : समृद्ध चिङ्गाड हाम्रो जिम्मेवारी"

# चिङ्गाड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

पुङ्खेत, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

www.chingadmun.gov.np
chingadgaunpalika@gmail.com

पत्र सं: २०८३/०८४
च नं.: ०१

## कृषि सहजकर्ता आवश्यकता सम्बन्धी सूचना।

प्रथम पटक प्रकाशित मिति : २०८३/०६/०७

यस चिङ्गाड गाउँपालिका, सुर्खेत र संयुक्त राष्ट्र संघीय विश्व खाद्य कार्यक्रम (UNWFP) बीच भएको साझेदारी सम्झौता बमोजिम स्थानीय कृषि उपजमा आधारित विद्यालय दिवा खाजा कार्यक्रम अन्तर्गत सरोकारवालाहरूलाई कृषि प्राविधिक ज्ञान प्रदान गर्नको लागि कृषि सहजकर्ताको आवश्यकता परेकोले निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले सूचना प्रकाशन गरेको मितिले ७ दिन भित्र माग बमोजिमका कागजात र राजस्व तिरेको रसिद सहित यस कार्यालयमा दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

१. आवश्यक न्यूनतम योग्यताः

क) मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा कृषि जे.टी.ए. वा सो सरह उत्तिर्ण भएको।

ख) दरखास्त दिने अन्तिम मितिमा कम्तीमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको।

ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको।

२. दरखास्त दिने स्थान चिङ्गाड गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय,पुङखेत सुर्खेत।

३. दरखास्त दिने अन्तिम मितिः २०८३/०६/१३ गते कार्यालय समय भित्र (सार्वजनिक विदा परेमा सोको भोलिपल्ट)

४. आवेदन दस्तुर रु.४००।- (चार सय मात्र)

५. छनौटको किसिम : लिखित, प्रयोगात्मक र अन्तर्वार्ता परीक्षा।

६. पाठ्यक्रमः कर्णाली प्रदेश लोक सेवा आयोगको स्वीकृत पाठ्यक्रम अनुसार स्थानीय सेवाका कृषि सेवा, कृषि समूह, सहायक चौथो तहको नायब प्राविधिक वा सो सरहको।

८. लिखित परीक्षा मितिः २०८३ साल असोज १८ गते आइतवार विहान ११:०० बजे

९. आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु आवेदक स्वयंमले प्रमाणित गरेको देहाय बमोजिमका कागजातहरुको प्रतिलिपीहरु :
नेपाली नागरिकता, न्युनतम शैक्षिक योग्यताको लब्धाङ्क प्रमाणपत्रहरू, चारित्रिक प्रमाणपत्र, कामसँग सम्बन्धित अनुभव भए सो को कागजात, २ प्रति पासपोर्ट साईजको फोटो।

१०. सेवा सुविधा तथा अन्य आपसी समझदारी बमोजिम हुनेछ।

११. सेवा अवधि ६ महिना (कार्यक्रमको आवश्यकता अनुसार थप हुन सक्ने)।

सुरेन्द्र सिंह
प्रमुख प्रशासकीय अधिकृत